स्थानीय राजपत्र
मेचीनगर नगरपालिकाद्वारा प्रकाशित

.................................................................................................................................

खण्ड ९ मेचीनगर, नेपाल, साउन २८ गते २०८३ साल अंक २

# भाग २

स्थानीय सरकार

# मेचीनगर नगरपालिका

नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत् २०८३ सालको कार्यविधि नं. २

---

मेचीनगर नगरपालिका स्थानीय राजपत्र

## मेचीनगर नगरपालिकाको आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०८३

**प्रस्तावनाः** नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने अति विपन्न नागरीकहरुलाई नेपालको संविधान २०७२ मा व्यवस्था भएको मौलिक हकको रुपमा रहेको स्वास्थ्य सम्बन्धी नागरीकको अधिकारलाई कार्यान्वयन गर्नका लागि नगरपालिकाले अघी सारेको "मेचीनगर नगरपालिकाको **स्वास्थ्य सेवा नागरीकलाई टेवा"** भन्ने नारालाई समेत सार्थकता दिइ न्युन आर्थिक स्थिति भएका नागरीकहरु, दीर्घ रोगी, कडा रोग लागी उपचारर्थ नागरीक र अन्य विभिन्न किसिमका रोग लागेका नागरीकहरुलाई तत्काल न्यूनतम सहयोग उपलब्ध गराउन एवं अन्य विपन्न नागरीकहरुलाई आवश्यक सहयोग गर्न आवश्यक देखिएकोले नगर कार्यपालिका बैठकबाट यो कार्यविधि स्वीकृत गरी लागु गरीएको छ ।

### परिच्छेद १
### सक्षिप्त नाम र प्रारम्भ

**(१) संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "**मेचीनगर नगरपालिकाको आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०८३**" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागु गरीनेछ ।

**(२) परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यविधि" भन्नाले मेचीनगर नगरपालिकाको आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०८३" लाई सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले मेचिनगर नगरपालिकाको आर्थिक सहायता कोषलाई बुझ्नुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले मेचीनगर नगरपालिकाको कार्यपालिकालाई बुझ्नुपर्छ ।

(घ) "आर्थिक सहायता" भन्नाले देहाय बमोजिमका व्यक्तिहरुका लागि तत्काल गरीने आर्थिक सहायता बुझ्नुपर्छ ।

(१) मानवीय जीवनमा दीर्घ असर पार्ने प्रकारका विभिन्न कडा रोगबाट प्रभावित अनुसुची-१ बमोजिम कडा रोग लागेका व्यक्तिलाई नेपाल सरकारले उपलब्ध गराउँदै आएको मासिक रु ५०००.०० लिइ रहेका व्यक्तिहरुको हकमा बाहेक उपचार गर्न आर्थिक रुपमा कठीनाइ भइरहेका ब्यक्तिहरुलाई प्रदान गरीने सहायता,

(२) अप्रत्यासित रुपमा विभिन्न कारणबाट दुर्घटनामा अङ्गभङ्ग भै उपचार गराउन आर्थिक अभाव भएका विपन्न नागरीकलाई प्रदान गरीने आर्थिक सहायता,

(३) नगरपालिका क्षेत्र भित्र भेटीएका होस ठेगान नभएका व्यक्तिलाई कुनै आश्रय स्थलसम्म पुर्याउँदा लागेको खर्च वा निजलाई तत्काल सामान्य उपचार गर्नु पर्दा लागेको खर्च,

(४) नगरपालिका क्षेत्र भित्र वेवारिसे रुपमा भेटिएको लास सदगद गर्दा लाग्ने खर्च,

मेचीनगर नगरपालिका स्थानीय राजपत्र

## परिच्छेद २

## कोषको अवधारणा लक्ष्य उद्देश्य

**(३) अवधारणाः** मेचीनगर नगरपालिकामा क्षेत्र भित्र बसोबास गर्ने अति विपन्न नागरीकहरुलाई स्वास्थ्य सेवामा टेवा पुर्याउन एवं निजका परिवारलाई तत्काल सहयोग उपलब्ध गराउन न्युन आर्थिक स्थिति रहेका दीर्घरोगीहरु लगायत अप्रत्याशित घटनामा परी शारिरिक रुपमा अगभंग भएकाहरुलाई पहिचान गरी राहत सहयोग पुर्याउन साथै नगरपालिका क्षेत्र भित्र वेवारिसे रुपमा फेला परेका ब्यक्तिहरुको व्यवस्थापन गर्दा हुने खर्चलाई नियमसंगत र पारदर्शी रुपमा गर्न यस प्रकारको कोषको स्थापना भएको छ ।

**(४) उद्देश्यः**

(क) मानवीय जीवनमा दीर्घ असर पार्ने प्रकारका विभिन्न कडा रोगहरुबाट प्रभावित व्यक्तिलाई प्रदान गरीने आर्थिक सहायता वितरण कार्यलाई प्रभावकारी बनाउन,

(ख) उपचार गर्न आर्थिक रुपमा सक्षम नभएका अति विपन्न परिवारलाई न्यूनतम आर्थिक सहयता प्रदान गरी स्थानीय सरकारको नागरीकप्रतिको जिम्मेवारी पूरा गर्न र नागरीकमा स्थानीय सरकारको अनुभुति दिलाउन,

(ग) अन्य विभिन्न अवस्थामा कार्यपालिकाको निर्णयबाट आर्थिक सहायता दिन उपयुक्त भै निर्णय भएको व्यक्ति वा परिवारलाई आवश्यक सहयोग गर्न,

(घ) नगरपालिका क्षेत्र भित्र वेवारिसे रुपमा फेला परेको व्यक्तिको व्यवस्थापन गर्न,

(ङ) नगरपालिका क्षेत्र भित्र वेवारिसे अवस्थामा फेला परेको लाशलाई सदगत गर्न ।

## परिच्छेद ३

## कोषको स्थापना

**(५) कोष स्थापनाः**

(१) मेचीनगर नगरपालिका क्षेत्रभित्रका आर्थिक रुपमा अति विपन्न भै स्वास्थ्य उपचार गराउन रकम अभाव भएका नागरीकहरुलाई न्यूनतम आर्थिक सहयोग उपलब्ध गराउने उद्धेश्यले एक कोषको स्थापना हुनेछ ।

(२) यस कोषको नाम “मेचीनगर नगरपालिकाको आर्थिक सहायता कोष” रहनेछ ।

**(६) कोषमा जम्मा हुने रकमः**

(१) देहायमा उल्लेखित रकम आर्थिक सहायता कोषमा रहनेछ ।

- (क) नगरसभाबाट आर्थिक सहायता कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,
- (ख) संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम,
- (ग) दातृ निकाय तथा गैर सरकारी संस्थाबाट प्राप्त हुने रकम,
- (घ) अन्य विभिन्न स्रोतबाट प्राप्त हुने रकम ।

# परिच्छेद ४

## कोषको रकम परिचालन सम्बन्धी व्यवस्था

(७) **कोषबाट खर्च हुने क्षेत्रः**

(१) अनुसुची-१ बमोजिम कडा रोग लागेका आर्थिक रुपमा विपन्न नागरीकको लागि उपचार खर्च स्वरुप नगर प्रमुखको आदेशबाट रु १०,००० (दश हजार) सम्म र सो भन्दा माथिको हकमा नगर प्रमुखको सिफारिसमा कार्यपालिकाको निर्णयबाट खर्च हुनेछ ।

(२) अप्रत्यासित दुर्घटनामा परि अङ्गभङ्ग भै तत्काल उपचार गर्न सहयोग गर्नु पर्ने व्यक्तिलाई नगर प्रमुखको आदेशबाट रु १०,००० (दश हजार) सो भन्दा माथी कार्यपालिकाको बैठकबाट निर्णय हुनेछ तर तत्काल कार्यषालिकाको बैठक बस्न नसकेको अवस्थामा नगर प्रमुखको आदेशले रु ५०,००० (पचास हजार) सम्म खर्च गर्न सकिनेछ, यसरी भएको खर्च रकम लगत्तै कार्यपालिकाको बैठकबाट अनुमोदन गर्नु पर्नेछ ।

(३) दफा १ र २ अनुसार आर्थिक सहायता उपलब्ध गराउनु पर्ने प्रकृतिका व्यक्तिहरुलाई सम्बन्धित वडा समितिको निर्णयबाट सिफारिस भै आएकाको हकमा पनि सोहि सीमा भित्र रही नगर प्रमुखको आदेश र कार्यपालिकाको निर्णयानुसार दोहोरो नपर्ने गरी खर्च गर्नु पर्नेछ।

(४) अप्रत्यासित रुपमा विभिन्न कारणबाट दुर्घटना भै अङ्गभङ्ग भै उपचार गराउन आर्थिक अभाव भएका विपन्न नागरीक लाई तत्काल उपचार गराउनु पर्ने भएमा नगर प्रमुखको आदेशबाट रु १०००० (दश हजार) सम्म खर्च गर्न सकिनेछ ।

(५) आर्थिक अवस्था कमजोर भएका अभिभावक गुमाएका अति विपन्न व्यक्तिलाई सम्बन्धित वडा कार्यालयको सिफारिसमा विभिन्न कार्यको लागि अवस्था हेरी आवश्यक सहयोग पुर्याउन नगर प्रमुखबाट अधिकतम रु १०००० (दश हजार) सहयोग वापत खर्च गर्न सकिनेछ ।

(६) नगरपालिका क्षेत्र भित्र वेवारिसे अवस्थामा फेला परेको व्यक्तिलाई आश्रय स्थलसम्म पुर्याउनु पर्ने अवस्था भएमा सो कार्य गर्दा मितव्ययी रुपमा खर्च गर्न सकिनेछ ।

(७) नगरपालिका क्षेत्र भित्र वेवारिसे अवस्थामा फेला परेको वेवारिसे लास सदगद गर्दा लाग्ने रकम खर्च गर्न सकिनेछ ।

(८) **सहयोग माग गर्दा पेश गर्नु पर्ने कागजातहरुः**

(१) सम्बन्धित व्यक्तिले आर्थिक सहायता माग गर्दा निवेदन साथ देहायको कागजात पेश गर्नु पर्नेछ।

(क) सम्बन्धित विरामी वा विरामीको अभिभावक वा निजको संरक्षकको निवेदन,

(ख) आर्थिक विपन्नता बारे सम्बन्धित वडा कार्यालयको सिफारिस,

(ग) सम्बन्धित अस्पतालबाट उपचार भै रहेको कागजात ३ महिना भित्रको प्रमाणित विवरण,

(घ) स्वास्थ्य शाखाको सिफारिस,

(ङ) वेवारिसे व्यक्तिको हकमा महिला तथा बालबालिका शाखाको सिफारिस,

(च) कडा रोग लागि अप्रेशन गर्नुपर्ने शरीरको कुनै अङ्ग नै फेर्नु पर्ने वा उपचारका लागि धेरै खर्च लाग्ने भएमा सो को लागि मडिकल बोर्डको सिफारिस सम्बन्धी कागजात,

(छ) आकस्मिक दुर्घटना भएको अवस्थामा घटनास्थल मुचुल्का (नगर प्रहरी वा संघीय प्रहरी),

(ज) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

## परिच्छेद ५

## कोषको आर्थिक तथा प्रशासनिक व्यवस्थाः

(९) कोषको आर्थिक प्रशासन सम्बन्धी कार्य नगरपालिकाको आर्थिक प्रशासन शाखाले गर्नेछ ।

(१०) कोषको प्रशासनिक कार्य नगरपालिकाको स्वास्थ्य शाखामा रहनेछ ।

## परिच्छेद ६

## विविध

**(११) आर्थिक सहायता कोषको रकममा थप गर्न सक्नेः**

(१) नगरपालिकाले नगरसभाबाट स्वीकृत गरी आर्थिक सहायता कोषमा रहने रकममा आवश्यकता अनुसार थप गर्न सक्नेछ ।

**(१२) कोषबाट खर्च गर्न नपाइनेः**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषमा जम्मा भएको रकम खर्च गर्न पाईने छैनः

(क) दैनिक प्रशासनिक कार्यको लागि खर्च गर्न,

(ख) कुनै पनि प्रकारको तलब, भत्ता वा अन्य सुविधा उपलब्ध गराउन,

(ग) कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(घ) आर्थिक सहायता दिन तोकिए क्षेत्र बमोजिमको राहत सहयोग बाहेक अन्य कुनै पनि किसिमको चन्दा, पुरस्कार, उपहार सम्बन्धी खर्च गर्न ।

**(१३) प्रतिवेदन पेश गर्नु पर्नेः** नगरपालिकाबाट वितरण भएका आर्थिक सहायता सम्बन्धि विवरण चौमासिक रुपमा स्वास्थ्य शाखाले तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ । प्रमुख प्रशासकीय अधिकृतले सो प्रतिवेदन नगर प्रमुखको आदेश अनुसार कार्यपालिका बैठकमा पेश गर्नु पर्नेछ र कार्यपालिकाको सुझाव अनुसार कार्यालयको वेभपेजमा चौमासिक रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

**(१४) कोषको लेखापरीक्षणः** यस कोषको आन्तरिक लेखापरीक्षण नगरपालिकाको आन्तरिक लेखापरिक्षण शाखाबाट हुनेछ र अन्तिम लेखापरिक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

**(१५) बचाउः**

(१) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै कार्यविधि बमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएको कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम हुनेछ ।

## अनुसुची १
## दफा २(घ)१ सँग सम्बन्धित

| सि. नं. | रोगको प्रकार | कैफियत |
|---|---|---|
| १. | मुटु रोग | |
| २. | पार्किन्सन्स | |
| ३. | अल्जाइमर | |
| ४. | हेड इन्जुरी | |
| ५. | सिकलसेल एनिमिया | |
| ६. | स्पाइनल इन्जुरी | |
| ७. | पक्षघात,मस्तिष्क घात तथा हृदयघात | |
| ८. | अन्य गम्भिर रोग | |

मेचीनगर नगरपालिका स्थानीय राजपत्र